नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## निरिक्षण अनुगमन तथा सिलबन्दी गरीएको विवरण

यस विभागबाट मिति २०८३/०१/०३ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौं तथा प्रहरी वृत्त सिहदरबारसँगको संयुक्त अनुगमनमा काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा विक्री वितरण हुने देहाय बमोजिमको स्थलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य व्यवसायको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | बागमती स्विट्स प्रा.ली., काठमाडौं म. न. पा.-११, काठमाडौं | • मिति २०८२/१२/३० गते तयारी खाजाको प्याकेटमा किरा भेटिएको तथा दुर्गन्ध आएको भनि विभागमा प्राप्त उजुरी सम्बोधनको क्रममा अनुगमनमा खटिएका विभागका खाद्य निरक्षण अधिकारीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि उत्पादन तथा विक्रि वितरण गर्नका लागि रोक्का राख्न दिईएको आदेशको उल्लंघन गरी पुनः तयारी खाजाको प्याकेट विभिन्न संघसंस्थामा विक्री वितरण गर्दै गरेको भनि मिति २०८२-०१-०३ मा विभागमा उजुरी प्राप्त भएको र उजुरी सम्बोधनका लागि विभागको Rapid Response Team, विभाग अन्तर्गतको काठमाडौं डिभिजन कार्यालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं तथा प्रहरी वृत्त सिहदरबारसँगको टोलि खटि बागमती स्विट्स प्रा.ली. मा तत्काल अनुगमन गर्दा त्रिभुवन विश्वविद्यालय रजिष्ट्रार कार्यालयमा चौध (१४) प्याकेट र चाल्नाखेल अस्पतालमा पच्चिस (२५) प्याकेट तथा डेलिभरी गर्नका लागि लोड गर्न लागेको अवस्थामा सात (७) प्याकेट गरी एकाउन्न (५१) प्याकेट खाजा फेला परेको। | • मिति २०८२/१२/३० गते गरीएको अनुगमनको क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम दिईएको आदेशको उल्लंघन गरी कानुन विपरीत खाद्य पदार्थको विक्री वितरण गरेको तथा भविष्यमा समेत सोही प्रकृतिको अवस्था सृजना हुन सक्ने देखिएकोले हाललाई बागमती स्विट्स प्रा.ली को खाद्य पदार्थ उत्पादन स्थाल र कारखानालाई अर्को आदेश नभएसम्मका लागि सोही ऐन बमोजिम सिलबन्दी गरीएको<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम आवश्यक कारवाहीको प्रकृया अगाडी बढाईने। |

डा. बाल कुमारी शर्मा
बरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०१/०३

<u>अनुगमनका केही झलकहरू</u>







